# लक्ष्मीप्रसाद देवकोटाका व्यङ्ग्य निबन्ध रचनाका प्रेरक परिवेशहरू

***रामनाथ ओझा, पिएचडी***
प्राध्यापक, नेपाली शिक्षा, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि., कीर्तिपुर
*dr.ojharamnath@gmail.com*

**लेखसार**

*प्रस्तुत अनुसन्धानात्मक लेख लक्ष्मीप्रसाद देवकोटाका व्यङ्ग्य निबन्ध रचनाका प्रेरक परिवेशको अध्ययनमा केन्द्रित रहेको छ । निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका निबन्ध सिर्जनाको परिवेश र त्यस परिवेशले उनको चेतनामा पारेको प्रभावको अभिव्यक्ति उनका निबन्धहरूमा प्रकट भएको छ। गुणात्मक पद्धति अँगालिएको यस आलेखमा पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। समाजद्रष्टा देवकोटाका निबन्धको अध्ययन गरी तिनमा व्यक्त व्यङ्ग्यका सन्दर्भलाई साक्ष्यका रूपमा प्रस्तुत गरी उनका जीवनप्रसङ्ग तथा युगीन राजनैतिक, सामाजिक, सांस्कृतिक लगायतका विविध सन्दर्भको पहिचान गरी पाठविश्लेषण पद्धतिका आधारमा देवकोटालाई निबन्ध रचना गर्न प्रभाव पार्ने परिवेशको पहिचान गरिएको छ। यसबाट तत्कालीन राजनैतिक, आर्थिक, सामाजिक, पारिवारिक एवम् वैयक्तिक कारणको प्रभाव देवकोटाका व्यङ्ग्य निबन्धमा परेको निष्कर्ष निकालिएको छ।*

**मुख्य शब्दावली :** प्रेरक परिवेश, व्यङ्ग्य चेतना, समाजद्रष्टा, सिर्जनात्मक चेतना

## विषय प्रवेश

लक्ष्मीप्रसाद देवकोटाको जन्म पिता तिलमाधव देवकोटा र माता अमरराज्यलक्ष्मी देवीका साहिँला छोराका रूपमा १९६६ साल कार्तिक २७ गते लक्ष्मीपूजाका दिन भएको हो। आठ वर्षको उमेरदेखि कविता रचना गर्न थालेका उनले नेपाली साहित्यमा थुप्रै फुटकर कविता, *मुनामदन* लगायत तीन दर्जनजति खण्डकाव्य, *शाकुन्तल* लगायत आधा दर्जन महाकाव्य, निबन्ध, कथा, उपन्यास, नाटक र समालोचना लगायतका विधामा सफलताका साथ कलम चलाएका छन्। सिर्जनाका दृष्टिले उनको सबैभन्दा उर्वर विधा कविता हो। यसमा पाइने भावगत उच्चता र शिल्पगत विशिष्टताले गर्दा उनी नेपाली साहित्यका महाकवि बन्न पुगेका हुन्। उनको कवितापछिको उर्वर विधा निबन्ध हो। उनले नेपाली साहित्यको निबन्ध विधामा आत्मपरक निबन्ध लेखनको थालनी गर्दै निबन्धलाई आधुनिक कालमा प्रवेश गराउनाका साथै भावगत एवम् शिल्पगत दुवै दृष्टिले नेपाली निबन्धलाई शिखरमा पुऱ्याएका छन्। 'आषाढको पन्ध्र' (शारदा २ : ९) निबन्धको प्रकाशनसँगै आधुनिक नेपाली निबन्धको सुरुवात गरेका देवकोटाका *प्रसिद्ध प्रबन्धसङ्ग्रह* (अनूदित १९९८), *लक्ष्मी निबन्धसङ्ग्रह* (२००२) र *दाडिमको रुखनेर* (२०३९) गरी तीनवटा निबन्धसङ्ग्रह प्रकाशित छन्।

देवकोटाका निबन्धमा व्यङ्ग्यचेतना सशक्त रूपमा प्रस्तुत भएको छ। व्यङ्ग्य एउटा चेतना वा दृष्टिकोण हो। व्यङ्ग्यका लागि निश्चित परिवेश वा पृष्ठभूमि उन्नायक बनेको हुन्छ। त्यस्तो परिवेश वा पृष्ठभूमि स्रष्टाको सिर्जनात्मक चेतनालाई निश्चित दिशातिर उन्मुख गराउने प्रमुख कारक बन्छ। स्रष्टाको परिवेश र त्यस परिवेशले उसको चेतनामा पारेको प्रभावका बिचमा घनिष्ठ सम्बन्ध रहनुपर्छ। सचेत र असचेत रूपमै पनि स्रष्टाको वैयक्तिक तथा परिवेशगत प्रभावको अभिव्यक्ति उसको सिर्जनामा झल्किन्छ। निबन्ध आत्मपरक विधा भएकाले स्रष्टाको सिर्जनात्मक चेतनामा उन्नायकका रूपमा उक्त परिवेश

आउनु र सो परिवेशले स्रष्टालाई विद्रोही, आलोचक तथा आक्रोशित तुल्याउनु स्वाभाविक हुन जान्छ। सचेत समाजद्रष्टा भएका कारण देवकोटाका निबन्धमा युगजीवनको यथार्थता देखापर्छ। युगजीवन र परिवेशमा विद्यमान 'यस्तो हुनुपर्दछ' भन्ने आदर्श र 'जस्तो छ' को यथार्थका बिच सामञ्जस्य नहुँदा उनमा मानसिक अन्तर्विरोध सिर्जना भएको छ। तत्कालीन राजनैतिक, आर्थिक, सामाजिक, पारिवारिक एवं वैयक्तिक कारणको प्रभाव उनका निबन्ध रचनामा परेको छ। यी निबन्धको विभिन्न कोणबाट अध्ययन भए पनि व्यङ्ग्यको परिवेशबाट अध्ययन भएको छैन। यही रिक्तता परिपूर्ति गर्न देवकोटाका व्यङ्ग्य निबन्धको प्रेरक परिवेश कस्तो रहेको छ भन्ने समस्यामा केन्द्रित रही यो लेख तयार पारिएको छ।

## अध्ययन विधि

व्यङ्ग्य साहित्यमा व्यक्त हुने चेतना वा दृष्टिकोण हो । गुणात्मक प्रकृतिको यस अध्ययनका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । देवकोटाद्वारा रचना गरिएका निबन्धलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा तथा व्यङ्ग्य, निबन्धकार देवकोटा अनि उनका निबन्धका बारेमा गरिएका समीक्षात्मक लेख तथा कृतिलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । देवकोटाका जीवनका प्रसङ्ग, तात्कालीन सामाजिक राजनीतिक, धार्मिक, सांस्कृतिक आदि सन्दर्भका सापेक्षतामा उनका निबन्धमा व्यक्त व्यङ्ग्यका सन्दर्भलाई साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ । सङ्कलित सामग्रीलाई वर्णनात्मक र विश्लेषणात्मक विधिबाट विश्लेषण गरेर समस्याको समाधान खोजिएको छ।

## सैद्धान्तिक पर्याधार

'अञ्ज्' धातुमा 'वि' उपसर्ग र 'य' प्रत्यय लागेर व्यङ्ग्य शब्दको निर्माण भएको हो (नेराप्रप्र., २०५५, पृ. ७७५) । 'वि' को अर्थ विशिष्ट, 'अञ्ज्' को अर्थ प्रकाश वा व्यक्त र 'य' को अर्थ योग्य भएकाले समग्रमा व्यङ्ग्यको शाब्दिक अर्थ व्यक्त गर्न योग्य भन्ने बुझिन्छ। आशयमूलक अर्थलाई हेर्दा व्यङ्ग्यको अर्थ 'विशिष्ट अर्थ व्यक्त गर्नु वा प्रकाशित गर्नु' भन्ने हुन्छ।

व्यङ्ग्य अङ्ग्रेजी भाषामा प्रचलित सटायर शब्दको नेपाली रूपान्तरण हो। 'सटायर शब्दको व्युत्पत्ति ल्याटिन भाषाको 'सटुरा'बाट भएको हो (ह्विगेट, सन्. १९३२, पृ. २३१) । 'सटुरा' को अर्थ सुरुमा 'पूरा' भन्ने हुन्थ्यो भने पछि यस शब्दको अर्थ 'विविध प्रकारका वस्तुको मिश्रण' (ह्विगेट, सन् १९६२, पृ. २३१) भन्ने रहेको छ। ल्याटिनमा भोजनका साथमा खानका लागि विभिन्न वस्तु मिसाएर बनाएको 'सलाद'का अर्थमा सटुराको प्रयोग गरिन्थ्यो (ह्विगेट, सन् १९६२, पृ. २३१) । पछि धेरै कुरा मिसिएको विविधतायुक्त साहित्यिक रचना बुझाउने अर्थमा यसको प्रयोग हुन थालेको पाइन्छ।

पश्चिममा विभिन्न विद्वान्ले व्यङ्ग्यलाई चिनाउने प्रयास गरेका छन्। यसको परिभाषा दिँदै सदरलैन्डले भनेका छन्, "व्यङ्ग्य दुर्गुण वा विकारहरूलाई दण्डित गरी समाजको भलो गर्ने पवित्र अस्त्र (साधन) हो। व्यङ्ग्यमा निहित भावले व्यङ्ग्यकारलाई आत्मसन्तुष्टि दिन्छ एवम् सामाजिक दुराचार/विकृतिको असल रूप देखाएर मानसिक बोझबाट छुटकारा दिलाउँछ" (सन् १९६७, पृ. १५३) । पश्चिमका अर्का विद्वान् पोलार्ड भन्छन्, "व्यङ्ग्यको सदुद्देश्य खराब पक्षको सुधारसमेत हो" (सन् १९८२, पृ. १)। यसरी व्यङ्ग्यलाई सामाजिक विकृति, विसङ्गति, दुर्गुण र विकारमाथि प्रहार गर्ने, मानसिक विकारको विरेचन गर्ने र अन्त्यमा सुधारको चाहना राख्ने साधन मानिएको छ।

व्यक्ति र समाजका दुर्बलता, कमजोरी एवम् भनाइ र गराइका बिचमा रहेका अन्तरमाथि गरिने चोटिलो प्रहारलाई व्यङ्ग्य भनिन्छ । व्यङ्ग्यको परिभाषा दिँदै भारतीय विद्वान् गर्ग भन्छन् –

> *व्यङ्ग्य एउटा यस्तो साहित्यिक अभिव्यक्ति वा रचना हो, जसमा व्यक्ति तथा समाज कमजोरी, दुर्बलता, कथनी र करनीका बिचको अन्तरको समीक्षा, निन्दा भावलाई नाङ्गो तरिकाले दिएर कहिलेकाहीँ पूरा सिधा शब्दको प्रहार गरिन्छ। ऊ (व्यङ्ग्यकार) पूर्णतः गम्भीर नभएर पनि गम्भीर हुन सक्छ, निर्दयी लागेर पनि दयालु हुन सक्छ, अतिशयोक्ति एवम् अतिरञ्जनाको आभाष दिएर पनि पूर्णतः सत्य हुन सक्छ, (सन् १९७३, पृपृ. २७-२८)।*

नेपाली समीक्षक शर्मा भन्छन् – "व्यङ्ग्य भनेको मानवीय दुर्बलताको लेथ्नो काढ्नु हो " (२०३५, पृ. ३२)। यसले खराब पक्षप्रति आक्रामक भएर प्रहार गर्दछ र समाज सुधारको अपेक्षा राख्दछ।

पूर्व र पश्चिममा व्यङ्ग्यसम्बन्धी दिइएका परिभाषा हेर्दा व्यङ्ग्यकार एउटा सचेत समाजद्रष्टा हो र उसले आफ्ना रचनाका माध्यमबाट 'के भइरहेको छ' र 'के हुनपर्दछ' भन्ने बिचको अन्तरको खोजी गर्दछ। यो एउटा साहित्यिक कला भएकाले यसका माध्यमबाट व्यङ्ग्यकारले व्यक्ति र समाजमा देखा पर्ने विकृति, विसङ्गति, बेमेल, असङ्गत एवम् असामञ्जय कुराहरूप्रति चोटिलो प्रहार गरी स्वस्थ समाज निर्माणको अपेक्षा राख्दछ।

विषयगत दृष्टिले व्यङ्ग्यलाई हेर्दा आजको विश्वसमुदाय, यसको विराटता, जटिल युगजीवन, विषम परिस्थिति आदिले गर्दा बढ्दै गएको अस्वाभाविक स्थिति र मौलाउँदै गएको विकृति र विसङ्गतियुक्त परिवेशमा व्यङ्ग्य साहित्य सिर्जनाका लागि प्रशस्त सम्भावना देखा पररिहेका छन्। यस्ता विकृति र विसङ्गति व्यक्तिका बोली, आनीबानी एवम् क्रियाकलापदेखि लिएर समाजका आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक, भाषिक, साहित्यिक आदि सबै क्षेत्रमा व्याप्त छन्। विषयगत आधारमा व्यङ्ग्यलाई उल्लिखित विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ। यस लेखमा व्यङ्ग्यसिद्धान्तको सङ्क्षिप्त रेखाङ्कन गरी देवकोटाका व्यङ्ग्य निबन्ध रचनाका प्रेरक प्रसङ्गलाई केलाउने प्रयास गरिएको छ। विश्लेषणका क्रममा आफू बाँचेको जीवन र जीवनका सापेक्षतामा देवकोटाका निबन्धमा व्यक्त व्यङ्ग्यका पक्ष केलाइएको छ।

### व्यङ्ग्य निबन्ध रचनाका प्रेरक परिवेशहरू

देवकोटाका व्यङ्ग निबन्ध रचनाका राजनैतिक, आर्थिक, सामाजिक, पारिवारिक र वैयक्तिक परिवेश प्रसङ्गलाई यसप्रकार उल्लेख गरिएको छ।

### राजनैतिक परिवेश

नेपाललाई ब्रिटिस साम्राज्यवादको निसान हुनबाट बचाएर नेपालका विभिन्न ससाना राज्यहरूलाई एकीकृत गर्ने अभियान पृथ्वीनारायण शाहबाट प्रारम्भ भयो र यो क्रम सुगौली सन्धिसम्म कायम रह्यो। महत्त्वाकाङ्क्षी प्रधानमन्त्री जङ्गबहादुर राणाले वि. सं. १९०३ मा राजाको शक्ति आफ्ना हातमा लिएपछि नेपालमा उनी र उनका भाइ छोराहरूबाट १०४ वर्षसम्म राणा शासनका नाममा एकतन्त्री शासन सञ्चालन भयो। राणा शासनको सुरुवातसँगै ज्ञान, विवेक र चेतनाबाट वञ्चित जनतालाई अन्धकारमा राखेर जङ्गबहादुर र उनका भाइछोराहरूले नेपालको शासन गर्न थाले। देवकोटा राणा शासनको यही चर्को बिगबिगीका समयमा जन्मेका व्यक्ति हुन् । उनी पाँच वर्षको हुँदा वि. सं. १९७१ सालमा प्रथम विश्वयुद्ध भएको थियो। यसले सम्पूर्ण विश्वसहित नेपाल र नेपालीलाई पनि प्रभावित तुल्याएको थियो। यसको अप्रत्यक्ष परिणामको असर देवकोटामा पनि परेको थियो। प्रथम विश्वयुद्धको विभीषिकाले उनको कोमल मानसिकता संवेदनशील बन्न पुगेको थियो। यही संवेदनशीलताबाट जन्मन पुगेका विज्ञानविरोधी असहमति उनको 'मान्छेलाई घडीबाट हानि' निबन्धमा साङ्केतिक रूपमा व्यक्त भएको छ।

देवकोटा वि.सं. १९८६ सालको अन्त्यमा बी.ए. को परीक्षा दिएर घरमा बसिरहेका थिए। जनताका लागि सार्वजनिक पुस्तकालय खोल्न पाऊँ भनी 'वि. सं. १९८७ को वैशाख महिनामा उनी लगायत ४६ जनाको हस्ताक्षर भएको एउटा बिन्तीपत्र प्रधानमन्त्री भीमशमशेरका नाममा लेखियो (बन्धु, २०४६, पृ. २१०)। बिन्तीपत्रमा हस्ताक्षर गर्नेमध्येका एकजना रामचन्द्र अधिकारीले कुरा लगाएका कारण हस्ताक्षर गर्ने देवकोटालगायतका सम्पूर्ण व्यक्तिलाई गिरफ्तार गरी भीमशमशेरका अगाडि उपस्थित गराइयो। यसमा हस्ताक्षर गर्ने सम्पूर्ण व्यक्तिलाई तीन–तीन वर्षको जेल सजाय सुनाइएकोमा "पुस्तकालय राख्ने विचार नराम्रो नभएको' कुरा केशर शमशेरले गरेपछि यस्तो जनहित काम कहिले गर्ने छैनँ, गरें भने १२ वर्षको सख्त सजाय सहुँला आदि समेत राखी कागज गराएर रु. १००।–, १००।– जरिवाना गरी छाडियो" (पाण्डे, २०१७, पृ. १०)। यससम्बन्धी देवकोटा (२०५८, पृ. ?) ले भनेका छन् :

> *राणा शाहीको विरोधमा मेरो मन पहिलेदेखि लागिरहन्थ्यो। सन् १९३० मा बी. ए. को जाँच दिएर घरमा फर्केको थिएँ। केही साथीहरूले पब्लिक लाइब्रेरी– जनपुस्तकालय खोल्ने विचार*

*गरी बनाइएको कार्यक्रममा सही गराए। त्यसको ठीक डेड महिनापछि एक दिन भात खान लाग्दा त्यस बेलाका प्रधानमन्त्री महाराज भीमशमशेरको आठपहरिया आएर समातेर लग्यो र राता आँखा लगाएर महाराजले हामीलाई ३।३ वर्षको जेल सुनाए। त्यस बखत मेरो ब्रह्मक्रोध जाग्यो। तर केही गर्न सकिन।*

दमनपूर्ण राजनैतिक परिवेशका कारण विद्रोह स्वरूप केही गर्न नसकेको अभिव्यक्ति दिने देवकोटाले 'साँढे' निबन्धका माध्यमबाट राणा शासकका बिम्बका रूपमा 'साँढे' लाई प्रस्तुत गरी राणाप्रति तिखो व्यङ्ग्य गरेका छन्। त्यस्तै 'वीरहरू' निबन्धमा पनि राणा शासन विरुद्धमा जन्मेका आक्रोशहरूको अभिव्यक्ति पाइन्छ। बी. ए. सम्मको अध्ययन पूरा गरिसकेका देवकोटा यस काण्डमा प्रत्यक्ष रूपमा संलग्न भएका र प्रभावित भएका कारण जनहितका काममा लाग्दा जनविरोधी राणाशासकबाट भएको क्रूर दमनले उनलाई राणा शासनप्रति तीव्र घृणा जाग्यो। बालसुलभ राणाविरोधी भावना भएका संवेदनशील देवकोटा यसपछि अझ आक्रोशित बन्न पुगे। राणा शासनप्रतिको आक्रोश, घृणा र असन्तुष्टिको प्रमुख कारकका रूपमा राणाशासक र तत्कालीन राजनैतिक व्यवस्था भएकाले यस घटनाले राणा शासकप्रति देवकोटाका मनमा जस्तो छाप पऱ्यो, त्यसको अभिव्यक्ति 'साँढे' निबन्धमा झल्केको छ।

सामान्य मानिसहरूलाई जस्तै देवकोटालाई पनि मानसिक तनाव र छटपटी उत्पन्न भएको थियो। "झन् '१९९७ माघ ९ गते शुक्रराज शास्त्रीलाई पचलीमा झुन्डाइयो, माघ १० गतेका दिन धर्मभक्तलाई सिफलमा झुन्डाइयो, गंगालाल र दशरथ चन्दलाई गोली हानेर मारी सार्वजनिक प्रदर्शन गरियो" (बन्धु, २०४६, पृ. ७८)। सहिद काण्डका नामले प्रख्यात यो घटना समाजका प्रबुद्ध वर्ग लेखक, कलाकारलाई पनि छुने कुरा स्वाभाविक भएकाले देवकोटालाई पनि यस घटनाले निकै दुःखी तुल्याउनाका साथै आक्रोशित बनायो। यसरी आक्रोशित बनेका देवकोटाले राणा शासकहरूका विरुद्ध आगो बनेर लड्नुपर्ने चेतनाका अभिव्यक्ति 'वीरहरू' निबन्धमा व्यक्त गरेका छन्।

खुल्ला राजनैतिक परिवेशको अभावका कारण सहिद काण्डको विरोध सचेत नेपाली समुदायले भूमिगत शैलीमा गर्नुपऱ्यो। देशमा बढ्दै गएको भूमिगत राजनीतिमा संलग्न व्यक्तिसँगको सम्पर्कका कारण देवकोटामा राणाविरोधी चेतनाले अझ मलजल प्राप्त गऱ्यो र मौलाउने अवसर पायो ।

देवकोटा वि. सं. २००० भाद्र महिनाबाट भाषानुवाद परिषद्मा जागिरे हुँदा राणा शासनको चर्को दबदबा थियो। राणाहरूका विरुद्धमा सोझो तरिकाले केही भन्न सम्भव थिएन, घुमाउरो पाराले भन्नुपर्थ्यो। त्यसैले आफूभित्र रहेको राणाविरोधी भावनालाई व्यङ्ग्यको रचना–प्रविधि अँगालेर व्यक्त गरेको कुरा उनले समलाई भनेको निम्न भनाइबाट स्पष्ट हुन्छ– "म हजुरहरूकै (सत्र भाइ खलककै अर्थात् राणातन्त्रकै) विरोधमा पनि लेखिदिन सक्छु, हजुरहरूलाई थाहा हुने छैन" (घिमिरे, सं. घटराज भट्टराई, २०५५, पृ. १८१)। यसरी वि. सं. १९८७ को 'लाइब्रेरी पर्व' र १९९७ सालको 'सहिद काण्ड' जस्ता बर्बर काण्ड देखेका देवकोटामा एकतन्त्री शासनले अत्याचारको चरम सीमामा पुगेर मच्चाएको ताण्डव नृत्यका विरुद्धमा विद्रोह गर्न सक्ने तत्कालीन परिवेश नभएकाले साहित्यका माध्यमबाट समाजमा आफूभित्र दन्किएको विद्रोहको राँकोलाई सल्काएर तिनका कुकृत्य, अन्याय र अत्याचारका विरुद्धमा धावा बोल्ने चेतनाको निर्माण हुन पुगेको देखिन्छ। अतः उनका 'वीरहरू', 'साँढे', 'भलादमी'जस्ता निबन्धमा व्यङ्ग्य चेतनाको अभिव्यक्ति भएको पाइन्छ।

एकतन्त्री शासनका सीमित कलमबाट पनि मानवताको उज्ज्वल नारा, सामाजिक आडम्बर र कुरीतिप्रति, एकतन्त्री शासनमाथि व्यङ्ग्य, राणाशासनको नृशंसताविरुद्ध कलम चलाउनु मामुली र खेलाँची कुरा थिएन। बाल्यकालदेखि राणाशासकले देखाउँदै आएको रवैयाले देवकोटालाई शासकप्रति प्रहार गर्न बाध्य तुल्याएको थियो भने झन् एकतन्त्री शासनमा भएको बन्धनको ज्वालाले कविको हृदय उकुसमुकुस भइरहेको थियो। "पढाउँदा (उनले) प्रजातन्त्र भनेको यस्तो हुन्छ, सच्चा प्रजातन्त्रमा यस्तो गुण हुन्छ । नेपालमा प्रजातन्त्रको आवश्यकताको पाठ पनि सुनाएका थिए" (पाण्डे, २०१७, पृ. २४) । भनाइ र

गराइका अन्तरले उनलाई विद्रोही, असंयमित र पीडित तुल्यायो र व्यङ्ग्य निबन्ध रचनाका लागि अभिप्रेरित गऱ्यो। मान्छेका भनाइ र गराइका अन्तरले जन्माएका मानव स्वभावका कमजोरीप्रति लक्ष्य गरेर उनले 'भलाद्मी', 'नेपाली गुण्डो', 'कविराजको च्याङ्ग्रे खच्चर', 'वैराग्य' आदि निबन्धको रचना गरेका छन्। तसर्थ राजनीति उनको व्यङ्ग्य-चेतनाको निर्माणको प्रमुख कारकका रूपमा देखापर्दछ।

**आर्थिक परिवेश**

देवकोटा मध्यमवर्गीय परिवारका व्यक्ति थिए। उनको परिवार संख्या ठुलो थियो। बिहान र बेलुकाको छाक टार्नका लागि ट्युसनबाहेक अन्य नियमित आम्दानीका स्रोतबाट गर्जो टर्दैनथ्यो। दरबारबाट आउने रकम पनि थोरै भएका कारण दैनिक घर चलाउन मुस्किल थियो। तिलमाधवका जेठा छोरा लेखनाथ देवकोटाले वि. सं. १९६८ मा मेट्रिक पास गरेर ट्युसन पढाउन थालेपछि घरको दैनिक खर्च टार्नका लागि निकै सहयोग मिलेको थियो। जेठा छोराले ट्युसनबाट बाबुले कमाएको भन्दा पनि बढी पैसा कमाएको देखेर आमाले लक्ष्मीप्रसादले पनि ठुलो भएर ट्युसन पढाओस् र केही कमाओस् भन्ने इच्छा राखेकी थिइन्। दाजुको फुर्ती देखेकाले पनि मास्टर भएर दुनियाँमा रवाफ देखाउने भित्री सौख देवकोटामा थियो। त्यही कारणले उनले अङ्ग्रेजी शिक्षा पढी वि. सं. १९८२ सालमा मेट्रिक पास गरे भने वि. सं. १९८५ मा आई.एस्सी पास गरी विस्तारै ट्युसन पढाउन थाले। अझ वि.सं. १९८६ मा बी. ए. पास गरेपछि उनी ट्युसनको जुवामा सधैंभरि नारिइरहे। ट्युसनको जाँतोमा पिल्सिएर मास्टर बन्दा "जीवन निर्वाहको निर्मोहिनीमा आत्मालाई साधारणको धूलिधूसरतामा राख्नुपर्दथ्यो र उच्च गगन देख्तादेख्तै भुइँमा बसेर झोक्रिनुपर्दथ्यो" (देवकोटा, २०५७, पृ. ४५) भन्दै उनले आर्थिक अभावका कारण ट्युसनगिरी बन्नु परेको अवस्थाप्रतिको पीडा 'हाइ हाइ अङ्ग्रेजी' निबन्धमा व्यक्त गरेका छन्।

आर्थिक अभावका कारण असन्तुलित बन्न पुगेका देवकोटालाई वि.सं. १९९५ सालमा मगज बिग्रेको भनी उपचारका लागि राँची लगियो। पागल भनिएकोमा असहमति जनाउँदै जनकलाल शर्मासँग उनले भनेका छन्- "कुरै नबुझी उल्लूहरूले सिल्ली भनेर डोऱ्याएर हिँडे राँचीतिर मलाई। आर्थिक रोग लागेको थियो" (शर्मा, २०५२, पृ. २५), २५/२६ जनाको संयुक्त परिवारलाई सीमित ट्युसनी आयले धान्न नसकी सधैं अभावै अभाव भएका कारण देवकोटामा चर्को पीडा र असन्तोष उत्पन्न भइरहेको थियो। विपन्नता उनको 'जन्मजात रोग' (शर्मा, २०५२, पृ. २५) थियो र उनी जीवनभरि यसबाट मुक्त हुन पनि सकेनन्। अभावका कारण असामान्य क्रियाकलाप देखिनाका साथै समाज व्यवस्था र व्यक्तिप्रवृत्तिका आक्रोशले मूर्त रूप लिने प्रयासस्वरूप उनले व्यङ्ग्य निबन्ध सृजना गरेका हुन्। असमान आर्थिक व्यवस्था, चर्को श्रम गर्दा पनि दुई छाक पेटभरि खानका लागि धौधौ पर्ने तल्लो वर्ग, मोज गरेर हिँड्ने उपल्लो वर्गका व्यक्तिको धाक, घमण्डीपना तथा आडम्बरप्रति व्यङ्ग्य गर्दै उनले 'पहाडी जीवन', 'फर्सीको झोल', 'गधा बुद्धिमान् कि गुरु', 'के नेपाल सानो छ' जस्ता निबन्धको रचना गरेका छन्। सच्चा श्रमप्रति श्रद्धाभाव व्यक्त गरी यी निबन्धमा आडम्बरी र उपल्लो वर्गप्रति व्यङ्ग्य गरिएको छ।

देवकोटा वि. सं. १९९६ मा छुट्टिएर एकल पारिवारिक जीवन बिताउन थालेपछि उनका जीवनमा आर्थिक अभावका दुर्दिनहरू थपिए। एउटै व्यक्तिको अनियमित ट्युसनको आम्दानीबाट परिवार पाल्नुपर्ने बाध्यता त्यसमाथि पनि सञ्चय गर्ने बानीको अभाव एवं फजुल खर्च गर्ने पद्धतिका कारण एक महिनाको आम्दानी एकै दिनमा पनि सकिने हुनाले महिनाका २९ दिनहरू अभावै-अभावमा बित्न थाले। यही आर्थिक अभावले औषधोपचार एवं सन्तुलित आहारमा कमी आई सन्तानहरूको अकालमै मृत्यु भएर शोकमाथि शोक थपिन पुगी उनको भावुक हृदयमा अझ पीडा र आक्रोश थपिँदै गए। बनारस प्रवासकाल (२००४ - २००६) मा पनि यस्तै आर्थिक अभावका कारण उनी थुप्रै दिन भोकै सुते। उपचारका लागि पैसाका अभावले औषधी गर्न नपाएर शरीरलाई मृत्युको नजिक पुऱ्याउनु परेको थियो। यी सम्पूर्ण दुःख, पीडा र अभावले कविको कोमल मन आक्रोशित र विद्रोही बन्दै गएको थियो। अर्याल (२०५५, पृ. १०३) का अनुसार वनारसमा बस्दा विश्वविद्यालयको कार्यक्रममा बोल्ने निम्तो आउँदा राम्रो लुगा नभएर शिवप्रसाद देवकोटासँग मागेर लुगा लगाएको कुराले उनको गरिबी अझ प्रस्ट हुन्छ।

बनारसबाट काठमाडौं फर्केपछि उनका दिनहरू अझ कहालीलाग्दा भएका, जाडाको समयमा एकदिन बिहान कामेको देखेर कुनै दाताले दिएको कम्मल पनि उनले तीन दिनको उपवासपछि चौथो दिन "दाल भात डुकूका निम्ति' अठार रुपैंयामा बेचिदिएँ" (बन्धु, २०४६, पृ. ३०७) भन्ने भनाइले स्पष्ट पार्दछ। बिहान–बेलुकाको छाकले उब्जाएको छटपटी र आक्रोशलाई व्यक्त गर्न खोज्दा थुप्रैपटक पैसा तिर्न नसकी बिजुलीको लाइन काटिएको, मैनबत्ती किन्न नसकेर रातभरि भित्तामा कविता कोरिएको, दाउरा नपाएर कुनै दिन घरमा कविता बाल्न खोजिएको, कागज नपाएर भित्ता र दलिनमा कविता लेखिएका घटना देवकोटाको जीवनका अमूल्य छाप हुन् (पराजुली, २०५२, पृपृ. ६५–६६)। यसरी समाज, जीवन र आफ्नै आन्तरिक भावनाहरूसँग संघर्ष गर्दै "मुटु नै फुटाउने गरी छुटेको निःश्वास तैपनि देवकोटाले खुब लेखे, नसाको पानी, आँखाको आँसु र मुटुको रगतले लेखे" (पराजुली, २०५२, पृ. ६१)। स्वाभाविक रूपमा आँखाको आँसु र मुटुको रगतबाट पीडा, असन्तोष र विद्रोहभन्दा के लेख्न सकिन्थ्यो ? त्यसैले यी अभावहरू देवकोटाका व्यङ्ग्य निबन्ध–रचनाका प्रभावकारी प्रेरक बन्न पुगेका छन्। यिनै परिवेश र परिस्थितिलाई सामान्यीकरण गर्दै 'फर्सीको झोल', 'पहाडी जीवन' जस्ता निबन्धमा आर्थिक असमानता र आर्थिक अभावका कारण तल्लो वर्गका व्यक्तिले भोगेका दुःखद दिनहरूलाई प्रस्तुत गरेका छन्।

कृष्णचन्द्रसिंह प्रधानले देवकोटा अस्वस्थ भएका बेला मकै खान नहुने कुरा गर्दा देवकोटाले भनेका थिए– "कृष्णचन्द्रजी ! भोकाएको मान्छेलाई के स्वस्थकर, के अस्वस्थकर ! रोग ठूलो कि भोक ठूलो ? चार दिनदेखि मैले राम्ररी खान पाएको छैनँ। तपाई भन्नुहुन्छ मकै खान हुन्न" (प्रधान, २०५५, पृ. ६२)। आर्थिक अभाव र त्यसबाट खप्नुपरेको पीडाबाट आक्रोशित हुँदै उनले भनेका छन् – "कहिलेकाहीं मेरो मनमा बज्रको प्रवेश हुन्छ, सारा संसारलाई च्यातेर चकनाचुर पारिदिने मेरो प्रबल इच्छा हुन्छ ... तर संसार मभन्दा धेरै दृढ र चाम्रिएको छ। के गर्नु " (बन्धु, २०४६, पृ. ७९) ?

एउटा प्रखर प्रतिभा जब भोकले छट्पटाउँछ र आफूले बाँचेको अभावको जीवन, आफ्नै वरिपरि विद्यमान आर्थिक असमानता, धन–सञ्चय एवं आर्थिक सम्पन्नताका आडमा वैभवशाली वर्गले देखाउने आडम्बरले देवकोटालाई अन्तर्विद्रोही बनाउँदै जान्छ। समानता र मानवताका पक्षपाती उनले विषम सामाजिक र आर्थिक दुर्व्यवस्थाको चित्रण गर्दै यस्ता पक्षप्रति तीव्र प्रहार गरी 'फर्सीको झोल', पहाडी जीवन', 'के नेपाल सानो छ ?' जस्ता निबन्धहरू लेखेका छन्। त्यसैले आर्थिक पक्ष उनका व्यङ्ग्य निबन्ध रचनाको सशक्त प्रेरक तत्त्व हो।

**सामाजिक परिवेश**

देवकोटा उदार हृदयी व्यक्ति हुन् । कसैसँग नरिसाउने, कसैप्रति नराम्रो नसोच्ने र आपत्‌विपत्‌मा आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने आदि प्रवृत्तिले उनी वि. सं. १९९० को दशकदेखि लेखक, कलाकार, राजनीतिज्ञ आदिको फराकिलो सामाजिक परिवेशमा परिचित थिए। यही उदार प्रवृत्तिले गर्दा उनी थुप्रै व्यक्तिबाट दुहिएका थिए। अनुपम हृदय भएका अमर आत्मालाई बिखालु समाजले डस्न खोज्दथ्यो। "कतिले उहाँलाई धोखा दिए, कतिले उहाँलाई लाञ्छना लगाए। कतिले गुरुजी कविता गरिदिनोस्' भनी कविता गराए, त्यो कविता आफ्नै नाममा प्रकाशित गराए" (पाण्डे, २०१७, पृ. ३१)। यसरी आफ्नै भनाउने र नजिकका ठानिनेहरूबाट बौद्धिक शोषण गरिएका देवकोटा संयमी स्वभावका भएकाले कसैलाई केही भन्दैनथे तर उनीभित्रको स्रष्टाले आफूमाथि शोषण भएकामा र आफूलाई दुहुनो गाई बनाएकामा पीडाको महसुस गर्दै आएको थियो। यही अर्न्तपीडालाई उनले 'फर्सीको झोल' निबन्धका माध्यमबाट व्यक्त गरेका छन्।

"वि. सं. १९९० माघ २ मा नेपालमा गएको ठुलो भूकम्पका कारण काठमाडौंका ठूला–ठूला घरहरू भत्के, ८५१९ जना मान्छे मरे" (बन्धु, २०४६, पृ. २६)। यस प्राकृतिक प्रकोपको घटनाले तत्कालीन सामाजिक वातावरण आर्तनादले भरिएको थियो। मान्छेका लाश, घाइतेका चिच्याहट र रुवाइ आदिले देश शोकमग्न र आक्रान्त थियो। यसलाई प्रत्यक्ष रूपमा देख्न पाएकाले यसले देवकोटालाई अत्यन्त संवेदनशील बनाएको थियो। वि. सं. २००० देखि देवकोटा 'नेपाली

भाषानुवाद परिषद्' मा जागिरे भएका थिए। त्यसबेला परिषद्का अध्यक्ष पुष्कर शमशेर थिए। स्वच्छन्द रूपमा लेख्न चाहने देवकोटालाई परिषद्का अध्यक्ष पुष्कर शमशेले "यो (जागिर) भाषानुवाद परिषद्का निम्ति हो, यसमा मैले चाहेजस्तो शैलीमा लेखिनुपर्दछ। यसै निम्ति जागिर दिइएको छ" (अधिकारी, सन् १९७५, पृ. ३५) भनेका थिए। अभिव्यक्तिका निम्ति साहित्यको सिर्जना गर्ने देवकोटा भावाभिव्यक्तिका क्रममा भाषा असक्षम भएको पीडा बोध गर्दथे। नियन्त्रित र सुनियोजित लेखनमा बाँधिएर लेख्नुपर्ने सर्त उनका लागि स्वीकार्य थिएन। त्यसैले जागिर र जागिरे लेखनको तत्कालीन साहित्यिक वातावरण उनको स्वभावअनुकूल थिएन। यसले उनलाई दुःखी र पीडित मात्र होइन, आक्रोशित बनाई जागिर छाड्न बाध्य तुल्यायो । अभिव्यक्तिगत स्वच्छन्दता र स्वतन्त्रतामा बन्धन सिर्जना गर्ने परिषदीय जागिर उनका लागि पीडाप्रद सामाजिक परिस्थिति थियो। यस्तै पीडाप्रतिको असन्तुष्टिको अभिव्यक्ति उनका 'श्रीगणेशाय नमः', 'नेपाली साहित्यका इतिहासमा सर्वश्रेष्ठ पुरुष', साहित्यमा शिवत्व', 'छन्द र लय' निबन्धमा प्रकट भएको पाइन्छ।

प्रतिभाको ज्वाला दन्दनाएर छट्पटिँदै र आक्रोशित हुँदै कहिले लेख्ने र कहिले बर्बराउने देवकोटालाई उनैका नजिकका साथीहरूले गलत अर्थमा लिई 'पागल' को संज्ञा दिएर सामाजिक रूपले तिरष्कार गर्ने काम गरे भने कतिपय अवस्थामा उनलाई महत्त्वपूर्ण अवसरबाट वञ्चित गराए। आत्माको जलन, पीडा र छटपटी बोकेर बाँचेका देवकोटालाई उनका नजिकका भनाउँदाबाट गरिएको अपमान र तिरष्कारले अझ मर्माहत र क्षुब्ध बनायो। दुहुनसम्म दुहुनेहरूले दुःखमा मुन्टो फर्काए अनि रमिते बनेर इष्टमित्रहरू परपर भाग्न थाले। सामाजिक परिवेशमा देखापरेका यस्ता अस्वाभाविक मानवीय स्वभावप्रति असहमत हुँदै तिनीहरूप्रति व्यङ्ग्य गर्दै देवकोटाले 'भलादमी', 'नेपाली गुण्डो', 'कविराजको च्याङ्ग्रे खच्चर', 'वैराग्य', जुँघा', 'कट्टरता' आदि निबन्धहरूको रचना गरेका छन्। उनको यो सामाजिक परिवेश पनि व्यङ्ग्य निबन्ध रचनाको प्रेरक बन्न पुगेको छ।

**पारिवारिक परिवेश**

देवकोटा आर्थिक दृष्टिले मध्यमवित्तीय पारिवारिक संरचनामा जन्मेहुर्केका हुन् भने पारिवारिक स्वरूपका दृष्टिले उनको बाल्यकाल र पूर्वयुवावस्था संयुक्त परिवारमा व्यतित भयो। संयुक्त परिवारमा होस् वा एकल परिवारमा होस्; उनले चर्को आर्थिक पीडाका अतिरिक्त पारिवारिक सदस्यहरूको वियोग र वेदनालाई सहनुपरेको थियो।

वि. सं. १९९१ असार २४ गते देवकोटा २५ वर्षको उमेरको हुँदा माता अमरराज्यलक्ष्मी देवीको दुःखद निधन भयो। आमाबाट अतिशय ममता प्राप्त गरेका र आमाप्रति अति श्रद्धाभाव राख्ने भएकाले आमाको यो वियोग-वेदनाले उनलाई चर्को पीडाबोध भयो। जीवनको सबैभन्दा दुःखद क्षणका रूपमा लिने गरेको यस घटनाले देवकोटाको कोमल मनमा गहिरो चोट पर्न गयो र उनी मानसिक रूपमा आन्दोलित एवं शोकविह्वल बन्न पुगे। आमाको दुःखद निधनको घाउमा खाटा बस्न नपाउँदै वि. सं. १९९२ जेठ २५ गतेका दिन उनका पिता तिलमाधव देवकोटाको मृत्यु भयो। आमाको मृत्युको एक वर्ष पुग्न नपाउँदै बाबुको मृत्युले उनको भावनामा झन् बज्र प्रहार हुन पुग्यो। आश्रयदाता मातापिताको दुःखद निधनले उनका मनमा गहिरो पीडा र तीव्र संवेदना थपियो । बाबुको मृत्युको लगत्तै वि. सं. १९९२ मा जन्मेको दुई महिनाको उमेरमा उनकी माहिली छोरीको मृत्यु भयो। यी सम्पूर्ण घटनाले आहत बन्न पुगेका देवकोटामाथि पुनः २००४ साल असोज २० गते माहिला छोरा कृष्णप्रसादको मृत्यु हुन पुग्यो। यसै गरी वि. सं. २००९ मार्ग ११ गते २१ वर्षको उमेरमा आई. ए. पढ्दै गरेका जेठा छोरा प्रकाशको पनि मृत्यु भयो। अन्य सन्तानका अतिरिक्त मित्रसरहको र आर्थिक उपार्जनमा सहयोग गर्ने बेला भएको छोराको मृत्युले देवकोटाका सपना चकनाचुर भई उनी शोकविह्वल बने। मातापिता लगायतका चार जना छोराछोरीको मृत्युले उनको जीवन शोकमय बन्न पुग्यो। उपचार र अर्थका अभावमा सन्ततिको मृत्यु भएकाले देवकोटामा सामाजिक, आर्थिक व्यवस्थादेखि समाजका अन्य पक्षप्रति घृणा जाग्यो र तिनै पक्षलाई प्रहार गर्दै 'शिशुभक्षकका लागि क्षमा प्रार्थना', 'मेरी शिशु', 'आमाको दिल', जस्ता व्यङ्ग्य निबन्धको रचना

गरे। उनको पारिवारिक स्थिति र परिवारमा घटेका शोकपूर्ण र वियोगान्त घटना उनका व्यङ्ग्य निबन्ध रचनाका प्रेरक बन्न पुगे।

**वैयक्तिक परिवेश**

देवकोटा अत्यन्त सरल स्वभावका व्यक्ति थिए। उनको साधा पहिरन, सरल व्यवहार, नरम बोली र सामान्य आनीबानी थियो। कहिलेकाहीँ पासा खेल्ने र अत्यधिक चुरोट पिउने उनको बानी थियो। उनी विनोदप्रिय स्वभावका भएकाले खाना र मनोरञ्जनमा थुप्रै पैसा र समय खर्च गर्दथे। यो विनोदप्रिय स्वभावद्वारा सिर्जना हुन पुगेका निबन्धहरू व्यङ्ग्यका रूपमा देखापर्दछन्।

आर्थिक अभावको साङ्लोमा बाँधिएका देवकोटालाई दैनिक १० – १२ घण्टा ट्युसन पढाउनु पर्दथ्यो। प्रतिभाको अजस्र प्रवाह एकातिर र अर्कोतिर ट्युसनको जाँतोमा घुम्नुपर्ने बाध्यताका बिच मेल हुन सकिरहेको थिएन। उनी न सिर्जनालाई चटक्क छाडेर ट्युसनमा मात्र जोतिइरहन सक्दथे न ट्युसनलाई चटक्क बिर्सेर सिर्जनामा मात्र लागिरहन पाउँथे। उनले गर्नुपर्ने कठोर परिश्रम र उनीभित्रको वेगवान् भावनायुक्त प्रतिभाका बिच मेल हुन नसकेका कारण उनमा तीव्र पीडाबोध भइरहन्थ्यो र यसैले उनी क्रमशः विद्रोही पनि बन्दै गइरहेका थिए। यही ट्युसनी बाह्य जीवन र सिर्जनाप्रतिको आकृष्टताको बिचको बेमेलले सिर्जना गरेको तनावलाई उनले 'कवि हुने धुनमा' शीर्षकको निबन्धमा व्यक्त गरेका छन्।

ट्युसनको तीव्र जाँतोमा पिल्सिँदा पनि उनलाई दैनिक गुजारका लागि समस्या परिरहन्थ्यो। उनी भावुक थिए तर त्यसलाई कसैले वास्ता गरेन। "उनी यथासम्भव अर्थजालमा जेलिएको समाजसँग सामञ्जस्य स्थापित गर्न प्रयास गर्थे तर दैनिक ट्युसन–चक्र चलाउने देवकोटाको परिश्रम र प्रतिभाको विचार गरी उनका निमित्त उपयुक्त वातावरण बनेन। उनीभित्र विद्रोह बढिरहेको थियो" (बन्धु, २०४६, पृ ५६)। विद्रोहको यही भावनाबाट अभिप्रेरित भई उनका 'फर्सीको झोल', 'पहाडी जीवन', 'कवि हुने धूनमा', 'साहित्यमा शिवत्व' जस्ता निबन्धहरू रचना भएका पाइन्छन्।

देवकोटा अध्ययनशील व्यक्ति हुन् । उनले अङ्ग्रेजी साहित्यको राम्रो अध्ययन गरेका थिए। उनको साहित्य सृजनामा अङ्ग्रेजी साहित्य अझ विशेष गरी स्वच्छन्दतावादी साहित्यको गहिरो प्रभाव परेको छ। उनी रुसोको प्रकृतिवाद तथा वर्डस्वर्थ, कलरिज, सेली, किट्स, वाइरन आदि स्वच्छन्दतावादी साहित्यकारका कृति पढी उनले स्वच्छन्दतावादी प्रभाव ग्रहण गरेका थिए। उनले नेपाली साहित्यमा वि. सं. १९९१ देखि कवितामा स्वच्छन्दतावादलाई भित्र्याएका थिए। अङ्ग्रेजी साहित्यकै प्रभाव र प्रेरणाबाट उनले *प्रसिद्ध प्रबन्धसङ्ग्रह* को अङ्ग्रेजीबाट नेपालीमा अनुवाद पनि गरे। उनलाई अङ्ग्रेजीको अन्धानुकरण र अङ्ग्रेजी भाषाप्रतिको अन्धो मोहबाट पछि वितृष्णा भयो। उनको जीवनको यो परिवेश व्यङ्ग्य निबन्ध–रचनाका लागि एक प्रेरक पक्ष बन्न पुगेको छ।

देवकोटाका व्यङ्ग्य निबन्धमा स्वच्छन्दतावादी मान्यता प्रस्तुत हुनाका साथै स्वच्छन्दतावादभन्दा भिन्न साहित्यरचनाको प्रक्रियाप्रति विरोधको भावना व्यक्त गरिएको छ। मूलतः स्वच्छन्दतावादी भावधारा र शैलीमा साहित्यको सिर्जना गर्ने भएकाले देवकोटाले वस्तुपरकता, विवेकको नियन्त्रण, बौद्धिकता, आयोजित शिल्प आदि आत्मसात् गर्न शास्त्रीयतावादी साहित्यप्रति तीव्र प्रहार गरी निबन्ध रचना गरेका छन्। उनका 'श्रीगणेशाय नमः', 'नेपाली साहित्यिका इतिहासमा सर्वश्रेष्ठ पुरुष', 'छन्द र लय', 'सरिताको कलकल', 'कला र जीवन' आदि निबन्धमा स्वच्छन्दतावादप्रतिको मोह र नियन्त्रित लेखन, शास्त्रीयतावादी साहित्य र साहित्यकारप्रति व्यङ्ग्य प्रकट भएको देखिन्छ।

**निष्कर्ष**

स्वच्छन्दतावादी साहित्यको प्रभावले गर्दा देवकोटा सहज, प्राकृतिक, नैसर्गिक, स्वाभाविकताका पक्षमा थिए। यही साहित्यिक प्रभाव उनको जीवनदर्शन र आनीबानीका रूपमा विकसित भएको थियो। उनको मान्यता र व्यवहारमा सामञ्जस्य थियो, यसको जहाँ बेमेल देख्यो, जहाँ सामाञ्जस्य देख्यो त्यसप्रति उनले व्यङ्ग्य गरेका छन्। 'भलादमी', 'नेपाली गुण्डो' जस्ता निबन्धमा उनले आफ्नो जीवनदर्शनसँग मेल नखाने पक्षप्रति व्यङ्ग्य गरेका छन्। कवि देवकोटाको आदर्शको प्रभाव निबन्धकार

देवकोटामा पनि परेको छ। त्यसैले उनको वैयक्तिक जीवनदर्शन पनि व्यङ्ग्य निबन्ध रचनाको प्रेरकका रूपमा देखापरेको छ। कवि देवकोटामा भएको उदारता, मानवता, त्याग, श्रममा विश्वास गर्ने, मानिसलाई ठुलो आदर्श मान्ने जीवनदर्शनको अभिव्यक्ति उनले 'गरिब', 'यात्री', 'भिखारी' जस्ता कवितामा व्यक्त गरेका छन् भने ती मान्यताभन्दा भिन्न देखिने सामाजिक पक्षहरूलाई उनले 'फर्सीको झोल', 'कुम्भकर्ण', 'निद्रा', 'भलादमी' जस्ता निबन्धमा व्यङ्ग्य गरेका छन्। त्यसैले वैयक्तिक ज्ञान, अध्ययन, जीवनदर्शन आदि देवकोटाको व्यङ्ग्य निबन्ध रचनाका प्रमुख प्रेरकका रूपमा रहेको पाइन्छ।

## सन्दर्भसूची


अधिकारी, रामलाल (सन् १९७५), *नेपाली निबन्ध–यात्रा,* दार्जिलिङ : नेपाली साहित्य सञ्चयिका।

अर्याल, दुर्गाप्रसाद (२०५५), देवकोटा : तीन भाइ साथीका अनुस्मृति, घटराज भट्टराई (सम्पा.), *महाकवि देवकोटाका आनीबानी,* काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान।

गर्ग, शेरजंग (सन् १९७३), *स्वतन्त्रोत्तर हिन्दी कविता में व्यङ्ग्य,* दिल्ली : भारत प्रिन्टर्स।

घिमिरे, माधव, (२०४३), ती हाम्रा दिन गै गए, घटराज भट्टराई (सम्पा.), *महाकवि देवकोटाका आनीबानी,* काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान।

देवकोटा, लक्ष्मीप्रसाद (२०५७), *लक्ष्मी निबन्धसङ्ग्रह* (सातौं संस्क.), ललितपुर : साझा प्रकाशन।

नेराप्रप्र.(२०५५), *नेपाली साहित्यकोश,* काठमाडौं : स्वयम्।

पराजुली, कृष्णप्रसाद (२०५२), *पन्ध्र तारा र नेपाली साहित्य* (आठौं संस्क.), काठमाडौं : साझा प्रकाशन।

प्रधान, कृष्णचन्द्रसिंह, (२०५५), देवकोटा केही स्मृति बिम्ब, घटराज भट्टराई (सम्पा.), *महाकवि देवकोटाका आनीबानी,* काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान।

पाण्डे, नित्यराज, (२०१७), *महाकवि देवकोटा,* ललितपुर : मदन पुरस्कार गुठी।

पोलार्ड, आर्थर (सन्. १९७०), *सटायर,* लन्डन।

बन्धु, चूडामणि (२०४६), *देवकोटा* (दोस्रो.संस्क.), ललितपुर : साझा प्रकान।

लामिछाने, शङ्कर (२०२८), लक्ष्मीप्रसाद देवकोटा, *बिम्ब प्रतिबिम्ब,* विराटनगर : पुस्तक संसार।

शर्मा, जनकलाल (२०५२), *महाकवि देवकोटा : एक व्यक्तित्व दुई रचना* (दोस्रो संस्क.), काठमाडौं : साझा प्रकाशन।

शर्मा, मोहनराज (२०३५), हास्यव्यङ्ग्यपरिर्चा, *रचना,* वर्ष १५, अङ्क ४।

सदरलैन्ड, जेम्स, (सन्. १९७६) *इङ्लिस सटायर,* क्याम्ब्रिज, एट.टी. युनिभर्सिटी प्रेस।

ह्विगेट, गिल्बर्ट (सन्. १९६२), द *एनाटमी अफ सटायर,* प्रिन्सटन युनिभर्सिटी प्रेस।